धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४४ ◆ २०८३ भदौ १५ गते सोमबार, Monday, August 31, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रधानमन्त्री दैवी प्रकोप कोषमा आइतबारसम्म पाँच अर्ब २४ करोड संकलन

काठमाडौँ । बाढी प्रभावितका लागि सरकारले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप कोषमा हालसम्म रु पाँच अर्ब २४ करोड ६९ लाख ४४ हजार सङ्कलन भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोषमार्फत पीडितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढेको छ ।

कार्यालयले 'उद्धार अनुरोध पोर्टल' सञ्चालन गरी यी कोषमा हालसम्म स्वदेश तथा विदेशबाट प्राप्त रकमको विवरण पूर्ण पारदर्शी रूपमा सार्वजनिक गरेको हो । प्रधानमन्त्री राहत कोषमा आइतबार मध्याह्नसम्म नौ वटा वाणिज्य बैंकका खातामा उक्त रकम सङ्कलन भएको हो । हिमालयन र लक्ष्मी बैंकमा थप रु २१ लाख ४३ हजार २३२ अमेरिकी डलर जम्मा भएको छ ।

विपद्को यस विषम परिस्थितिमा प्राप्त हुने सहयोगको पारदर्शी उपयोग, सही व्यवस्थापन र सम्भावित वित्तीय ठगीबाट बच्नका लागि सरकारले सार्वजनिक गरेको आधिकारिक 'क्युआर कोड' र खाताको नाम (प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोष) मा मात्र आर्थिक सहयोग गर्न अनुरोध गरिएको छ । खाताको विस्तृत विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आधिकारिक वेबसाइटमा उपलब्ध गराइएको कार्यालयले जनाएको छ ।

## गोरखामा फेला परेका तीन शव सनाखतपछि आफन्तलाई हस्तान्तरण

गोरखा । गोरखामा भेटिएका तीन वटा शवको सनाखत भएपछि आफन्तलाई हस्तान्तरण गरिएको छ ।

त्रिशूली नदीको गोरखातर्फको किनारमा विभिन्न समयमा फेला परेका शव पहिचान भएपछि आफन्तले बुझेर लगेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सन्दकपुर गाउँपालिका-३ तुलुङ्गा इलामका ३८ वर्षीय दीपक भनिने दिवानन्द सुवेदी, पालुङटार नगरपालिका-६ गोरखाका ५५ वर्षीय यमबहादुर थापा र तानसेन नगरपालिका-१० पाल्पाका ३४ वर्षीय दीपेन्द्र विष्टको शव पहिचानपछि आफन्तलाई बुझाइएको हो । दिवानन्दको शव मृतकका दाजु सागर सुवेदीलाई, यमबहादुरको शव श्रीमती इन्दिरा चौलागाईंलाई र दीपेन्द्रको शव दाजु दीपक विष्टलाई हस्तान्तरण गरिएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो । त्रिशूली किनारमा भेटिएका ती शव गोरखामा शवगृहको अभावमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा राखिएको थियो ।

## मकवानपुर हुँदै काठमाडौँ जाने सवारीका लागि वैकल्पिक मार्ग

हेटौँडा । पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक अवरुद्ध भएपछि मकवानपुर हुँदै काठमाडौँ जाने तथा आउने सवारी साधनको चाप बढेको छ ।

सवारी चाप व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले मालवाहक सवारीसाधनलाई कान्ति लोकपथ तथा १४ सिटभन्दा ठूला यात्रुवाहक सवारीसाधनलाई त्रिभुवन राजपथ हुँदै आवतजावत गर्न आग्रह गरेको छ ।

कार्यालयका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले १४ सिटसम्मका साना यात्रुवाहक सवारीसाधनलाई भीमफेदी-देउराली हुँदै आवतजावत गर्न आग्रह गरिएको बताउनुभयो । प्रशासनले अत्यावश्यक कामबाहेक काठमाडौँको यात्रा नगर्न, अत्यावश्यक अवस्थामा बाहेक निजी सवारीसाधन नलैजान, जथाभावी 'ओभरटेक' नगर्न तथा ट्राफिक प्रहरीको निर्देशन पालना गर्नसमेत अनुरोध गरेको छ ।

## डब्लुएचओद्वारा सहयोग प्रदान

काठमाडौँ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित समुदायका लागि स्वास्थ्य सेवा उपचारका लागि एक लाख ५० हजार अमेरिकी डलर बराबरको सामग्री प्रदान गरेको छ ।

डब्लुएचओले दक्षिणपूर्वी एसिया क्षेत्रीय स्वास्थ्य आपतकालीन कोषमार्फत एक लाख ५० हजार अमेरिकी डलर बराबरको आपकालीन सहायता उपलब्ध गराएको हो । "डब्लुएचओ नेपालमा आपतकालीन अवस्थाको प्रतिकार्य तथा पुनःस्थापनाका प्रयासहरूमा निरन्तर सहयोग गर्न प्रतिबद्ध छ", विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयका कार्यवाहक प्रमुख डा निलेश बुद्धले भन्नुभयो । डब्लुएचओले भदौ १० गते बाढी आएको केही घण्टामै प्रभावित क्षेत्रका लागि अत्यावश्यक आपतकालीन स्वास्थ्य सामग्री पठाएको उहाँले जानकारी दिनुभयो ।

यसअन्तर्गत करिब १० हजार जनालाई तीन महिनासम्म आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने आपतकालीन स्वास्थ्य सामग्री तथा पाल उपलब्ध गराइएको विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयले जनाएको छ । यस्तै डब्लुएचओले सर्जिकल मास्क, पञ्जा, ह्यान्ड स्यानिटाइजरलगायत अन्य अत्यावश्यक स्वास्थ्य सामग्री प्रभावित क्षेत्रमा पठाएको छ ।

पानी तथा खाद्यजन्य रोग, र वाहकजन्य रोगको जोखिमलगायत स्वास्थ्य समस्या बढ्न सक्ने भन्दै यसतर्फ समयमै सबै सचेत हुनुपर्नेमा जोड दिएको छ ।

## रसुवा र नुवाकोटका २६ स्थानमा राहत वितरण तथा आश्रयस्थल

❑ *राजकुमार पराजुली*

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढी प्रभावितका लागि रसुवा र नुवाकोटका विभिन्न २६ स्थानमा आश्रयस्थल तथा राहत वितरण केन्द्र सञ्चालनमा ल्याइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आइतबार मात्रै प्रभावित दुई जिल्लामा तीन हजार ४५४ जनालाई आश्रय तथा राहत वितरण गरिएको छ । प्राधिकरणका प्रवक्ता शान्ति महतले नुवाकोटमा दुई हजार २७४ नागरिकलाई १६ वटा आश्रयस्थल तथा शिविरमा राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार नुवाकोटको विदुर नगर पालिका तुप्चे क्षेत्रका प्रभावितलाई पुस्तकालय शिविरमा राखिएको छ । साथै त्रिशूली ढुङ्गे क्षेत्र र सिमचैरका प्रभावितलाई सेफहाउस/किरियापुत्री भवनमा, बेत्रावतीका प्रभावितलाई स्वास्थ्य चौकी, बट्टार क्षेत्रका प्रभावितलाई कभर्ड हल तथा देवीघाटका प्रभावितलाई आयुर्वेद वैकल्पिक चिकित्सालयमा राखिएको छ । बेत्रावती भैसे क्षेत्रका प्रभावितलाई सुन्दरी क्यैरीनी मावि, त्रिशूली बजार क्षेत्रका प्रभावितलाई कोलनी कभर्ड हल/भैरुम मावि, रिमालडाँडा र इन्द्रायणी आविमा बनाइएका शिविरमा र राखिएको छ । विदुर-३ देवीघाट सिटखाली क्षेत्रका प्रभावितलाई रणभुवनेश्वरी मावि/वडा कार्यालयमा व्यवस्थापन गरिएको छ । विदुर-९ का प्रभावितलाई त्रिशूली आवि र शुलक्षणा माविमा राखिएको छ । बेलकोटगढीको रातमाटे जिलिङ क्षेत्रका प्रभावितलाई महादेव मावि, किस्पाङ गाउँपालिका-५ का प्रभावितलाई कार्की मनकामना आवि र त्रिभुवन मावि तथा र सुवाका केही प्रभावितलाई बट्टारको तामाङ प्लाजामा राखिएको छ ।

प्राधिकरणका अनुसार विदुर-२ को सेफहाउस, देवीघाट आयुर्वेद वैकल्पिक चिकित्सालय, बेलकोटगढी-७ को महादेव माध्यमिक विद्यालय र विदुर-९ को शुलक्षणा माध्यमिक विद्यालयमा मेडिकल टोली उपलब्ध रहेको छ । त्रिशूली नदी पारी रहेका क्षेत्रमा हाल हेलिकप्टरबाट मात्र पहुँच सम्भव भएकाले वैकल्पिक रूपमा गल्छीको पुल हुँदै आश्रयस्थलसम्म पुग्ने प्रयास भइरहेको छ । र सुवा जिल्लामा बाढी प्रभावितको उद्धार तथा राहत कार्य प्रभावकारी रूपमा अघि बढाइएको छ । जिल्लाका १० वटा अस्थायी आश्रयस्थलमा आइतबार मात्रै एक हजार १८० विपद् प्रभावित नागरिकले आश्रय लिएका छन् । स्थानीय तहको समन्वयमा उत्तरगया गाउँपालिका-२ को डाँडागाउँ, आमाछोदिङ्मो गाउँपालिकाका-१/२ का हाकु, पाडलिङ र ग्रेमा आश्रयस्थल सञ्चालनमा छन् । गोसाइकुण्ड गाउँ पालिका- १, २, ३, ५ का थुमन, दालफेदी, खैदी, वृद्धिम, लिङलिङ र स्याफ्रुबेँसी र आमाछोदिङ्मो गाउँपालिकाका-१ र २ का हाकु, पाङ्ङ र ग्रेमा आश्रयस्थलहरू सञ्चालनमा छन् ।

राहत सामग्री पुग्न नसकेको कुनै पनि स्थान नरहेको र भौगोलिक विकटताका कारण अधिकांश क्षेत्रमा हेलिकप्टरमार्फत राहत वितरण कार्य गरिएको छ । रसुवामा त्यहाँका प्रभावितका लागि धुन्चेस्थित र सुवा जिल्ला अस्पताल, स्याफ्रुबेँसीमा वीर अस्पतालको टोली, हेलिक्षेत्रमा प्रादेशिक अस्पतालको टिम, रसुवा अस्पतालमा सशस्त्र प्रहरी बलका स्वास्थ्यकर्मी र हेलिक्षेत्रमा नेपाल आर्मीको स्वास्थ्य टोली उपचारमा सक्रिय छ ।

## अहिलेको प्राथमिकता उद्धारसँगै शव संकलन गर्नु होः सञ्चारमन्त्री

❑ *प्रत्यूष समाचारदाता*



नुवाकोट । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बाढी प्रभावित क्षेत्रमा उद्धारसँगै शव सङ्कलन हाल सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा भइरहेका उद्धार, राहत सामग्री वितरण तथा शव सङ्कलनलगायतमा सरकारले गरिरहेको कामबारे आइतबार राससलाई जानकारी गराउँदै मन्त्री डा तिमिल्सिनाले शव सङ्कलनकै लागि दुई वटा 'डेडिकेटेड' हेलिकप्टर सञ्चालन गरिएको जानकारी दिनुभयो ।

मन्त्री डा तिमिल्सिनाले पूर्ण रुपमा विस्थापितलाई गाँसबाससहितको व्यवस्था गरी 'होल्डिङ सेन्टर'मा राखिएको बताउनुभयो । अहिले पनि विभिन्न जलविद्युत आयोजनाका सुरुङमार्गमा फसेका भनिएकाको जीवितै उद्धार गर्ने प्रयासमा सरकार अहोरात्र खटिरहेको उहाँको भनाइ थियो ।

"बाढीबाट जोगिने क्रममा विभिन्न स्थानमा फसेकालाई खोज गरेर उद्धार गर्ने प्रयास भइरहेको छ", मन्त्री डा तिमिल्सिनाले भन्नुभयो, "जीवितै फेला पार्न सकिन्छ भन्ने आशा छ । संसारभर उद्धारको इतिहासमा त्यस्ता कतिपय चमत्कार भएका घटना पनि छन् ।"

सो अवसरमा बोल्नुहुँदै मन्त्री डा तिमिल्सिनाले तत्काललाई त्रिशूली नदी वारपार जोड्न तीन वटा स्थानमा बेलिब्रिज राख्न पहल गरिसकेको उल्लेख गर्नुभयो । त्यसका लागि देवीघाट, ढुङ्गे र बेत्रावती क्षेत्र प्राथमिकतामा रहेको उहाँले बताउनुभयो ।

## वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थ आपूर्ति गरिने

काठमाडौँ । त्रिशूली नदीमा आएको बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ अन्तर्गत पृथ्वी राजमार्गको कृष्णभीर सडकखण्डमा कटान भई आवागमन अवरुद्ध भएपछि नेपाल आयल निगमले काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था मिलाएको छ ।

सडक अवरुद्ध हुँदा ग्यास ढुवानीमा असुविधा हुन सक्ने भएकाले एलपी ग्यास उद्योगीहरूसँग छलफल गरी वैकल्पिक आपूर्ति व्यवस्था गरिएको निगमद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ ।

त्यसअनुसार बारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी तथा अन्य जिल्लामा रहेका ग्यास उद्योगहरूले आफ्नूलाई पायक पर्ने अन्य ग्यास उद्योगसँग समन्वय गरी आफ्ना खाली बुलेट खुलाइ सिलिन्डर रिफिल गर्ने व्यवस्था मिलाउने छन् । कृष्णभीर को बाटो नखुलेसम्म ट्रकमा एलपी ग्यासका सिलिन्डर राखी वैकल्पिक मार्गबाट काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको निगमले जनाएको छ ।

त्यसैगरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिका लागि ट्याङ्कर तथा ट्रकलाई स्थानीय प्रशासनसँगको समन्वयमा वैकल्पिक मार्गबाट काठमाडौँसम्म ल्याई आपूर्ति सहज बनाउने व्यवस्था गरिएको निगमले जनाएको छ । निगमले बाढी तथा सडक अवरोधका कारण पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्ने उद्देश्यले वैकल्पिक मार्गबाट आपूर्ति व्यवस्थालाई निरन्तरता दिने जनाएको छ ।

## पल्सर स्पोर्ट्स अवार्डः चार विधाका मनोनयन सार्वजनिक

काठमाडौँ । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) पल्सर स्पोर्ट्स अवार्ड २०८२ का चार विधामा मनोनयनमा परेका खेलाडी र प्रशिक्षकको नाम सार्वजनिक गरिएको छ ।

आइतबार उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकमा पाँच/पाँच जनाको नाम सार्वजनिक गरेको हो । मनोनयनमा नेपाली पुरुष क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी, बक्सिङका चन्द्र थापा, एथ्लेटिक्सका सोमबहादुर कुमाल, करातेका प्रदीप बैजाली मगर र गल्फका सद्भाव आचार्य रहेका छन् । वर्ष उत्कृष्ट महिला खेलाडीको मनोनयनमा फुटबल टोलीकी कप्तान साबित्रा भण्डारी 'साम्बा', करातेकी एरिका गुरुङ, सबिना श्रेष्ठ र सानुमाया थिङ तथा एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ मनोनयनमा परेका छन् । वर्ष युवा खेलाडीको मनोनयनमा बक्सिङका अर्पिल राना, करातेका रेहान जावेद र मनिषाकुमारी बोहरा तथा बुद्धिचालका पुरुषोत्तम सिलवाल र क्रिकेटका रौनक श्रीवास्तव परेका छन् ।

## सम्पादकीय ....

### विपत्तिमा मिलेर जानुपर्ने

विपत्तिमा राष्ट्रियता कमजोर बनाउनेहरू सक्रिय हुन्छन्, यसविरुद्ध हामी एक ठाउँमा उभिनु पर्छ। राष्ट्रियता भनेको राष्ट्रिय भावना हो भने राज्य भनेको कानुनी संयन्त्र। संसारको जुनसुकै कुनामा बसेको भए पनि नेपाली भनेपछि कता कता भावनाले काम गर्छ। संसारको कुनै कुनामा एउटा नेपालीको मृत्यु भयो भने सबैलाई दुःख लाग्छ। त्यही हो, नेपाली साझा भावना भनेको।

राष्ट्रले आपत्विपत्मा कत्तिको सहयोग र सहानुभूति राखेको छ भन्ने विषयले पनि राष्ट्रियताप्रतिको भावना प्रतिबिम्बित हुन्छ। एउटा नेपाली नागरिकमा राष्ट्रबाट उपेक्षित भएको महसुस भए राष्ट्रियता कमजोर हुन्छ। राजनीतिक दलले राष्ट्रियता बलियो बनाउने प्रयास गरेनन्। सरकारमा जाने र टिकिरहने प्रयासबाहेक अरू विषयलाई महत्व दिएनन्। नागरिकले उपेक्षित भएको महसुस भएपछि कसरी दलप्रति सहानुभूति बढ्छ? आत्मकेन्द्रित राजनीतिलाई जनकेन्द्रित बनाउनु पऱ्यो अनि मात्र राष्ट्रियता पनि सुदृढ हुने छ।

भोटेकोशी बाढीपछि संसारभरका नेपालीको आँखा रसाएको छ, मन भारी भएको छ। अप्ठ्यारोमा संसारभरका नेपाली एक ठाउँमा उभिन्छन् भन्ने सन्देश पनि प्रवाह भएको छ। सबैले आआफ्नो ठाउँबाट सकेको सहयोग गऱ्यौं भने मात्र नेपालीको पहिचान सुरक्षित हुने छ, राष्ट्रियता पनि बलियो हुने छ। निर्देशित चरित्रलाई प्रधान ठान्नेहरू अप्ठ्यारोमा खेल्ने प्रयास गर्छन्। सरकारले गरेका हरेक कामको विरोध नै गर्छन्। ती निर्देशित चरित्रविरुद्ध हामी सबै एकजुट भएर विपत्तिको पार लगाऔं। विपत्तिविरुद्ध लड्ने बल भनेकै एकता हो। कठिन घडीमा एकअर्काको कमजोरी खोजेर आलोचना गर्ने होइन, सबै मिलेर विपत्तिविरुद्ध लडौं।

नेपाल-चीन सीमास्थित भोटेकोशी नदीमा आएको अकल्पनीय विपत्तिले आमनेपालीलाई दुःखित तुल्याएको छ। जनधनको ठूलो नोक्सान भएको छ। पाकाहरू भन्छन्, "यो प्रकृतिको विपत्ति यसअघि कहिल्यै सहनु परेको थिएन।" विपत्तिले पीडाबोध गराए पनि यसको सामना गर्न हामी नेपाली एक ठाउँमा छौं भन्ने सन्देश प्रवाह हुनु खुसीको विषय हो। यो हाम्रो परिचय मात्रै नभई संस्कार र संस्कृति पनि हो। अप्ठ्यारोमा संसारको विश्वास एकताको बलमा मात्रै जित्न सकिन्छ। नेपाली पहिचान पनि यसैले सुरक्षित गराएको छ। हामी सम्पन्न छैनौं, त्यसैले त अप्ठ्यारोमा सबैको साथ र सहयोगको अपेक्षा गर्छौं। सरकार, राजनीतिक दल र आमनागरिक एक ठाउँमा उभिएर विपत्तिको पार लगाऔं। भावनामा होइन, यथार्थमा अडिएर सहुलियत र पुनर्स्थापनाका ठोस नीति तथा कार्यक्रम घोषणा गरौं। नियमन र निगरानी संयन्त्रलाई पनि स्थानीय सरकारसँगसँगै परिचालन गरौं।

अप्ठ्यारोमा परिवारको मात्रै होइन, छिमेकीको सहयोग पनि झन् बढी अपेक्षित हुन्छ। हाम्रा दुई विशाल छिमेकी सम्पन्न छन्। नेपालमा परेको विपत्तिको मिलेर सामना गर्न जस्तोसुकै सहयोग गर्न पनि हामी तयार छौं भन्ने सन्देश दुवै देशबाट प्राप्त भएको छ। पहिलो चरणमा उद्धार तथा राहतको सामग्री आइसकेको छ। अप्ठ्यारोमा मात्रै होइन, सजिलोमा पनि छिमेकीको साथ र सहयोग पाइरहने वातावरण बनाउनु पर्छ।

## काभ्रेपलाञ्चोकमा 'हाटबजार'को लहर, किसानलाई बजारीकरणमा सहजता

राजकुमार पराजुली

करिब अढाई वर्षअघि बनेपा नगरपालिकाले पहिलोपटक शुक्रबारे हाटबजार सुरु गऱ्यो।

नगरको कृषि शाखाले २०८० चैत १५ गतेदेखि सुरु गरेको उक्त हाटबजारमा तरकारी, दुधजन्य उत्पादन, फलफूल, लप्सीका क्यान्डी तथा कपडा लगायत खरिदबिक्री हुँदै आएको छ। बनेपास्थित लायकु राजमञ्च प्राङ्गणमा सञ्चालित हाटबजारमा किसानले आफ्ना उत्पादन सिधैं उपभोक्तामाझ बिक्री गरेर आम्दानी लिइरहेका छन्।

हाटबजारमा बनेपा र आसपासका किसान आफैंले तरकारी बेचिरहेका छन्। "किसानका उत्पादन आफैं बेचेर सिधैं आम्दानी गर्न सकुन् भन्ने उद्देश्यले हाटबजारलाई निरन्तरता दिइएको छ", नगर उपप्रमुख विमला दाहालले भन्नुभयो।

दुःख गरी उत्पादन गरेको तरकारी आफैंले बेच्न पाएपछि मनग्य आम्दानी गर्न सकिने किसानको अनुभव छ। उत्पादन राम्रो हुने गरेको तरकारी ठेकेदारको भाउमा दिनुभन्दा आफैंले बेच्न पाएमा धेरै आम्दानी गर्न सकिने किसानहरू बताउँछन्। "बजारमा लैजाँदा ठेकेदारले जति दियो, त्यति नै थापेर जानुपर्ने हुन्थ्यो, यहाँ ल्याएर आफैंले बिक्री गर्दा त्यहाँको भन्दा निकै फाइदा हुँदोरहेछ", बनेपाका रमेश शर्माले भन्नुभयो। उहाँका अनुसार यसरी सधैंजसो आफैंले सिधै बेच्ने ठाउँ पाएमा धेरै फाइदा लिन सकिन्छ।

नगरले हाल हरेक शुक्रबार सो ठाउँमा सञ्चालन गर्नेगरी 'स्थानीय उत्पादन उपभोग गरौं, स्थानीय उत्पादन बढाऔं, दैनिक उपभोग्य वस्तु किनमेलका लागि लायकु हाटबजार जाऔं' नाराका साथ हाटबजार सञ्चालनमा ल्याएको हो। सस्तो, ताजा, गुणस्तर र कम मूल्यमा सामान किन्न पाउनेगरी सञ्चालनमा ल्याइएको हाटबजारबाट उपभोक्ता र किसान दुवैका लागि फाइदा पुग्ने अपेक्षा गरिएको छ।



यस्तै दुई वर्षअघि काभ्रेपलाञ्चोक र भक्तपुरको सीमास्थल मानिएको पर्यटकीय क्षेत्र नगरकोटमा प्राङ्गारिक (अर्ग्यानिक) तकारीको हाटबजार सञ्चालनमा ल्याइयो। प्रत्येक शुक्रबार र शनिबार लाग्ने हाटबजारमा विशेषगरी काभ्रेपलाञ्चोकको मण्डनदेउपुर पिजिएस प्रमाणीकरण कृषक समूहद्वारा उत्पादित अर्ग्यानिकउन्मुख तरकारी बिक्रीका लागि सञ्चालनमा ल्याइएको हो।

प्राङ्गारिक रूपमा जैविक मल प्रयोग गरी विषादीरहित उत्पादन गरिएका तरकारीलाई हाटबजारमा राखिएको काभ्रेपलाञ्चोक एकीकृत ग्रामीण सशक्तीकरण कार्यक्रमले राख्ने गरेको छ। हाटबजारमा तरकारीतर्फ फर्सीको मुन्टा, बन्दा, काउली, अदुवा, तनेबोडी, कर्कलोको गाभा, स्कुस, भटमास, हरियो सिमी, तीतेकरेला, खुर्सानी, रैथान कुखुरा, धनियाँ, रैथाने बोडी, निउरो, जिम्बु, सुकेको सिमी, प्याज, लसुन, गोलभेँडा, काँक्रो राखिने गरिन्छ। यस्तै किसानले घरमै उत्पादित घ्यू, मह र विभिन्न जातका नास्पाती, कागतीलगायत फलफूल तथा यिनका बिरुवासमेत बिक्रीका लागि राख्ने गरेका छन्।

बीसवटा प्राङ्गारिक कृषक समूहमा ५०६ किसान आबद्ध रहेको कार्यक्रमका संयोजक बद्रीप्रसाद माकाजुले बताउनुभयो। सशक्तीकरण कार्यक्रमको व्यवस्थापन तथा आपसी सहयोग केन्द्र स्याङ्जा नेपालको सहयोगमा उक्त हाटबजार सञ्चालनमा ल्याइएको हो। नगरकोटमा शुक्रबार र शनिबार आन्तरिक पर्यटकको आवागमन बढी हुने गर्दछ।

त्यही आवागमनलाई लक्षित गरेर हाटबजारको सुरुआत गरिएको हो। समूहमा आबद्ध किसानले उत्पादन गरेका मौसमी तथा बेमौसमी तरकारी हाटबजारमा बिक्रीका लागि राखिने परियोजनाका कृषि प्राविधिक जगतबहादुर शाहीले बताउनुभयो। उहाँका अनुसार अर्ग्यानिक तरकारीको हाटबजार सञ्चालनमा आएपछि स्थानीय होटल तथा पर्यटन व्यवसायी खुसी देखिएका छन्।

"स्थानीय अर्ग्यानिक तरकारी होटल व्यवसायी तथा पर्यटकलाई खुवाउन पाउँदा खुसी भएका छौं", नगरकोट नाल्दुम पर्यटन विकास समितिका सचिव प्रदीप अधिकारीले भन्नुभयो। उहाँले नगरकोटका होटल तथा रिसोर्टमा स्थानीयस्तरकै तरकारी उपलब्ध गराउन हाटबजारले मद्दत पुग्ने बताउनुभयो। हाटबजार नगरकोट क्षेत्रको पायक पर्ने चाँगुनारायण नपा-६ स्थित महामञ्जुश्री चोकमा सञ्चालनमा ल्याइएको हो।

त्यसैगरी, पाँचखाल नगरपालिकाले पनि गत जेठ पहिलो सातादेखि साप्ताहिक कृषि हाटबजार सुरु गरेको छ। शुक्रबारदेखि हरेक शुक्रबार र शनिबार दुई दिन सञ्चालनमा ल्याइएको हाटबजारमा विशेषगरी अर्ग्यानिक तरकारीको प्रदर्शनी तथा बिक्रीवितरण भइरहेको छ। पाँचखाल नगरको आयोजना, स्थानीय कृषि बजार सञ्चालक, व्यवस्थापन समिति पाँचखालको सहआयोजना तथा पाँचखाल-४ नं वडा कार्यालयको समन्वयमा हाटबजार सञ्चालनमा ल्याइएको हो। उक्त कृषि हाटबजारमा किसानले आफ्ना उत्पादन सोझै उपभोक्तालाई बेच्न पाएका छन्।

धुलिखेल नगरपालिका-१२ इट्टैमा पनि शनिबारदेखि पाक्षिक कृषि हाटबजार थालिएको छ। स्थानीय गौरीशङ्कर साना किसान कृषि सहकारीद्वारा आयोजित हाटबजारमा विशेषगरी तरकारीलगायत स्थानीय कृषि उत्पादन बिक्रीका लागि राखिने आयोजकले जनाएका छन्।

## एसिसी प्रिमियर कपः उपाधिसँगै एसिया कपमा स्थान बनाउने नेपालको लक्ष्य

लोकेश धामी

तेस्रो संस्करणको एसिसी प्रिमियर कप आज आइतबारदेखि मलेसियामा सुरु भएको छ। प्रतियोगितामा सहभागी १० टोलीमध्ये नेपाल उपाधि जित्दै सन् २०२७ मा आयोजना हुने एसिया कपमा स्थान बनाउने लक्ष्यसहित मैदानमा उत्रँदैछ।

नेपालसहित सहभागी १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। नेपाल समूह 'ए' मा परेको छ। यस समूहमा नेपालसँगै बहराइन, हङकङ, मलेसिया र साउदी अरेबिया छन्। समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, ओमान, कतार र सिङ्गापुर रहेका छन्।

समूह चरणमा नेपालले भदौ १५ गते बहराइनसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ। खेल मलेसियाको बाङ्गीस्थित बाईएसडी-युकेएम क्रिकेट ओभलमा हुनेछ। ५० ओभरको प्रिमियर कपमा नेपालले पहिलोपटक बहराइनसँग प्रतिस्पर्धा गर्न लागेको हो। नेपालले दोस्रो खेल भदौ १८ गते आयोजक मलेसियासँग खेल्नेछ। मलेसियाविरुद्धका पछिल्ला पाँच एकदिवसीय खेलमा नेपाल अपराजित छ।

हालै भएका दुई अभ्यास खेलमा पनि नेपालले मलेसियालाई पराजित गरेको थियो। प्रिमियर कपमा मलेसियाविरुद्ध नेपालको यो दोस्रो भेट हो। सन् २०२३ मा भएको पहिलो संस्करणमा नेपालले मलेसियालाई छ विकेटले हराएको थियो।

नेपालले तेस्रो खेल भदौ २१ गते साउदी अरेबियासँग तथा समूह चरणको अन्तिम खेल भदौ २३ गते हङकङसँग खेल्नेछ।

नेपाल र साउदी अरेबियाबीच हालसम्म दुई खेलमा प्रतिस्पर्धा भएकामा नेपालले एक खेल जितेको छ भने एक खेल रद्द भएको थियो। यस्तै, ५० ओभरको क्रिकेटमा नेपाल र हङकङबीच भएका चार खेलमध्ये नेपालले एक र हङकङले दुई खेल जितेका छन् भने एक खेल रद्द भएको थियो।

एसियन क्रिकेट काउन्सिल (एसिसी) का अनुसार दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। सेमिफाइनलका विजेताबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। यसपटक प्रिमियर कपको उपाधि विजेता टोलीले मात्र सन् २०२७ को एसिया कपमा स्थान बनाउनेछ। गत संस्करणको टी-२० ढाँचाको प्रिमियर कपबाट भने तीन टोली एसिया कपका लागि छनोट भएका थिए। सन् २०२४ मा आयोजित उक्त प्रतियोगिताबाट युएई, ओमान र हङकङ एसिया कपमा छनोट भएका थिए भने नेपाल चौथो स्थानमा सीमित भएको थियो।

नेपालले पहिलो संस्करणको प्रिमियर कपको उपाधि जितेको थियो। सन् २०२३ मा घरेलु मैदानमा भएको प्रतियोगिताको फाइनलमा युएईलाई सात विकेटले पराजित गर्दै नेपाल च्याम्पियन बनेको थियो। यसपटक पनि नेपाली टोली उक्त सफलता दोहोऱ्याउने लक्ष्यमा छ। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वसदस्य तथा क्यानको खेलाडी छनोट समितिका पूर्वसंयोजक दीपेन्द्र चौधरीले नेपाल उपाधिको बलियो दाबेदार रहेको बताउनुभएको छ। विदेशी पिचमा खेल्नुपर्ने भए पनि प्रतियोगिताअघि पर्याप्त अभ्यासको अवसर पाएकाले नेपाली टोलीलाई फाइदा पुग्ने उहाँको भनाइ छ।

"प्रतियोगिताअघि नेपाली टोलीले राम्रो अभ्यास पाएको छ। भारतमा गरेको प्रशिक्षणले पक्कै पनि एसिसी प्रिमियर कपमा टोलीलाई सहयोग मिल्नेछ। मुख्य प्रशिक्षक स्टुअर्ट लले हरेक अभ्यास खेललाई निगरानी गर्नुभएको छ। त्यसले पनि टोलीलाई केही फाइदा मिल्ने देखिन्छ," चौधरीले रासससँग भन्नुभयो।


## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं.
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं.
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपूर्वक प्रयोग गरी / गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।
- औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार,
विज्ञापन बोर्ड


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# यसरी भइरहेको छ जलविद्युत्को सुरुङमा फसेकाहरुको उद्धार

काठमाडौं । गत बुधबार बिहान रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण विभिन्न जलविद्युत् आयोजना प्रभावित भएका छन् । प्रभावित आयोजनामा मानिससमेत फसेका सूचना आइरहेका छन् । प्रभावित क्षेत्रमा कति जलविद्युत् आयोजना थिए र त्यहाँ कति मानिसहरु फसिरहेका छन् त ? त्यस्तै सरकारले त्यहाँ फसिरहेका मानिसलाई उद्धारका लागि के के प्रयास गरिरहेको छ त ? र हालसम्मको प्रगति के छ ?

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अनुसार बाढीका कारण त्यस क्षेत्रमा ११ वटा आयोजना प्रभावित भएका छन् । नेपाली सेनाका अनुसार पछिल्लो चार दिनदेखि सुरुङमा फसेकाको उद्धारको प्रयास जारी छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हेलिकप्टरमार्फत आज दिउँसोसम्म २७९ जनाको उद्धार भइसकेको छ ।

रसुवाको माथिल्लो त्रिशूली-१ का प्रवर्द्धक रहेको नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट प्रालिका प्रमुख कार्यकारी गिरिराज अधिकारीका अनुसार सुरुङ आसपास बाट दुई दिन लगाएर २५० भन्दा बढीको उद्धार गरिएको थियो । साथै अहिले करिब ३०० जना जति टनेलभित्रै फसेको अनुमान रहेको उहाँको भनाइ छ ।

"करिब १० किलोमिटर लामो टनेलमा तीन वटा अडिट टनेल छन्, त्यहाँ काम गरिरहेका चिनियाँसहितको टोली फसिरहेको छ, हामी उद्धारको पर्खाइमा छौँ", उहाँले भन्नुभयो । आयोजना क्षेत्रमा चिनियाँ टोलीलाई ड्रप गरिएको छ । उक्त क्षेत्रमा कोरियाको आठ जनाको टोलीले समेत एरियल रेकी गरिसकेको छ । साथै एउटा चिनियाँ टिमले टनेलभित्र तीन किलोमिटर सम्म सर्च गरिसकेको छ नेपाली सेनाले जनाएको छ ।

नुवाकोटको माथिल्लो त्रिशूली ३ 'ए' आयोजनाबाट ४२ जना सम्पर्कविहीन छन् । नेपाल विद्युत् प्राधिकरणका निमित्त प्रबन्ध निर्देशक मदन तिम्सिनाका अनुसार आयोजनाको सुरुङमा अहिले उद्धारको काम सुरु भइसकेको छ ।

आयोजनाको सुरुङभित्र फसेका मानिसको उद्धारका लागि नेपाली सेनाका इन्जिनियरद्वारा ब्लास्टिङ गर्नेसम्मका प्रयास अघि बढाएको जनाएको छ । उहाँका अनुसार उद्धारस्थलमा नेपाली सेनाका ६६ जना, तालिम प्राप्त कुकुरसहितको विशेष खोज तथा उद्धार टोलीका साथ सशस्त्र प्रहरी बलका १८ जना र नेपाल प्रहरीका छ जना गरी कूल ९० जनाको संयुक्त टोली खटिएको छ ।

टोलीले आज दिउँसो २:०० बजे सुरुङको मुख्य भाग (क्राउन हेड) मा पुगेर २-३ फिटको प्वाल बनाएको थियो । डोरीको सहायताले (र्‍यापेल गरेर) टोली तल झरेर बोलाउँदा भित्रबाट कुनै प्रतिक्रिया नआएपछि उद्धारलाई थप सहज र तीव्र बनाउन ठूला उपकरण, ब्लास्टिङ तथा प्वाल फराकिलो पार्ने काम एकसाथ जारी राखिएको नेपाली सेनाले जनाएको छ ।

त्यसैगरी नुवाकोटको माथिल्लो त्रिशूली श्री 'बी' मा फसेकाहरुको पनि उद्धार जारी छ । आयोजनामा भैरवनाथगढ र नेपाल विद्युत् प्राधिकरणको संयुक्त टोलीद्वारा खोज तथा उद्धार कार्य भइरहेको छ । आयोजनाको सुरुङभित्र फसेका मानिसको सुरक्षित उद्धारका लागि नेपाल सरकारले विशेष संयन्त्र परिचालन गर्दै निरन्तर प्रयास जारी राखेको छ । श्री 'बी' मा चिनियाँ विशेषज्ञ टोलीले नेपाली सेनासँगको समन्वयमा काम गरिरहेको नेपाली सेनाले जनाएको छ ।

त्यसैगरी रसुवाका चिलिमे र लाङटाङ खोला जलविद्युत् आयोजनामा भारतीय टिमले रेकी गरी पम्प र एक्साभिभेटरको तयारी भइरहेको छ । चिलिमे आयोजनाको सुरुङमा फसेका छ जनाको उद्धारका लागि नेपाली सेनाको टोलीले काम गरिरहेको बताइएको छ । चिलिमेमा भारतीय विज्ञ टोलीले नेपाली सेनाको समन्वयमा काम गरिरहेको छ । लाङटाङ खोला जलविद्युत् आयोजनामा नेपाली सेनाको खोज तथा प्याट्रोल भइरहेको छ ।

आयोजनाका प्रबन्धक तथा इप्पानका सचिव विजय एम भट्टराईका अनुसार आयोजनामा कार्यरत ४१ जना अझै सम्पर्कविहीन छन् । जसमध्ये आयोजनाका सुरक्षाकर्मी दुई र १३ कर्मचारी तथा बाँकी २६ कामदार सम्पर्कविहीन भएको अवस्था छ । "आयोजनाको सुरुङ लामो छैन, १५० मिटर मात्रै भित्र होला, सुरुङभित्र फसेकामध्ये दुई जना आफैं बाहिर आइसक्नुभएको छ भने बाँकी त्यहीभित्र हुनुहुन्छ सूचना छ, उहाँहरु उद्धारको पर्खाइमा हुनुहुन्छ", सचिव भट्टराईले भन्नुभयो ।

रसुवाकै मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड आयोजनाको सुरुङमा फसेकाको उद्धारका लागि कोरियन विशेषज्ञको टोलीले हवाई रेकी गरेर काम सुरु भइसकेको जनाएको छ ।

# भारतको सुरुङ उद्धार टोलीद्वारा चिलिमे र लाङटाङ क्षेत्रमा खोज कार्य सञ्चालन

काठमाडौं । भारतीय सुरुङ उद्धार टोलीले आइतबार चिलिमे र लाङटाङ क्षेत्रमा रहेका जलविद्युत् सुरुङस्थलमा खोज तथा उद्धार कार्य सञ्चालन गर्न नेपाली सेनाको टोलीसँग मिलेर काम गरेको छ ।

टोलीले नेपाली सेनासँग नजिकको समन्वयमा खोज तथा उद्धार कार्य जारी राख्ने यहाँस्थित भारतीय दूतावासले जनाएको छ । भारतीय सुरुङ उद्धार टोली शनिबार नेपाल आइपुगेको थियो ।

त्यस्तै, भारतबाट चौथो उडान ११ टन थप राहत सामग्रीसहित आज काठमाडौं आइपुगेको छ । उक्त उडानमा राहत सामग्रीमा कम्बल, स्लीपिङ ब्याग, त्रिपाल, प्लास्टिक सिट र सरसफाइसम्बन्धी किटका साथै सुरुङ खोज तथा उद्धार कार्यका लागि आवश्यक उपकरणसहित थप प्राविधिक टोलीसमेत आएको थियो ।

साथै 'फरेन्सिक' उपकरणसहित डीएनए विश्लेषणका लागि भारतीय फरेन्सिक विज्ञहरूको टोली पनि आजै नेपाल आइपुगेको छ । भारतका फरेन्सिक टोलीहरूले रसुवा बाढीमा ज्यान गुमाएकाको डिएनए नमुना विश्लेषणको कार्यका लागि नेपाल प्रहरीको केन्द्रीय फरेन्सिक विज्ञान प्रयोगशाला र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा नेपाली विज्ञहरूसँग भेट गरेका छन् ।

# चीनद्वारा २० लाख अमेरिकी डलर सहयोग

काठमाडौं । छिमेकी मुलुक चीनले भोटेकोशी बाढी प्रभावित क्षेत्रका लागि नेपाल सरकारलाई २० लाख अमेरिकी डलरको आकस्मिक बाढी राहत सहायता प्रदान गरेको छ ।

नेपालका लागि चीनका राजदूत झाङ माओमिङले आइतबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग भेट गरी चिनियाँ सरकारद्वारा नेपाल सरकारलाई प्रदान गरिएको उक्त राहत सहायता हस्तान्तरण गर्नुभएको यहाँस्थित चिनियाँ दूतावासले जनाएको छ । उहाँले आइतबारै चिनियाँ रेडक्रस सोसाइटीद्वारा नेपालको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई प्रदान गरिएको दुई लाख अमेरिकी डलर समेत हस्तान्तरण गर्नुभयो । राजदूत माओमिङले नेपाल र चीनका लागि अहिलेको प्रमुख कार्य पहिरो विपत्तिको सामना गर्नु रहेको बताउनुभयो । नगद सहायता प्रदान गर्नुका साथै चीनले चिनियाँ सुरुङ उद्धार टोलीमार्फत विपद् प्रभावित क्षेत्रमा निरन्तर सहयोग गरिरहेको र राहत सामग्रीको पहिलो खेप पनि नेपाल आइपुगेको राजदूत माओमिङले बताउनुभयो । चिनियाँ पक्षले नेपाललाई विपद् प्रभावित क्षेत्रका तस्बिर, जलविज्ञान तथा मौसमसम्बन्धी सूचना र अन्य सहयोगसमेत उपलब्ध गराउँदै आएको छ ।

सो अवसरमा मन्त्री डा वाग्लेले चीनको सहयोगप्रति आभार व्यक्त गर्दै कठिन समयमा दुवै देशबीच देखिएको गहिरो मित्रताको उच्च प्रशंसा गर्नुभयो । उहाँले नेपालले प्राप्त सहयोगको पूर्ण सदुपयोग गर्ने, नेपालका विपद् प्रभावित क्षेत्रमा फसेका मानिसको उद्धारका लागि कुनै कसर बाँकी नराख्ने तथा विपद्पछिको योजना र पुनःनिर्माणमा द्विपक्षीय घनिष्ठ सहकार्यको अपेक्षा रहेको बताउनुभयो ।

# ताप्लेजुङ गोल्डकपः सलहेश युवा क्लब सेमिफाइनलमा

ताप्लेजुङ । सातदोबाटो फुटबल क्लबलाई टाइब्रेकरमा पराजित गर्दै सिरहाको सलहेश युवा क्लब ताप्लेजुङ गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

प्रतियोगिताअन्तर्गत तेस्रो क्वाटर फाइनल खेलको निर्धारित समयमा १-१ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा सलहेशले सातदोबाटोलाई ४-३ गोल अन्तरले पराजित गरेको हो ।

सलहेशका लागि फागुराम थारु, सनिष श्रेष्ठ, निषकुमार श्रेष्ठ र दीप कार्कीले गोल गरे । रोहन कार्कीको प्रहार भने सातदोबाटोका गोलरक्षकले रोकेका थिए । सातदोबाटोका विशाल भण्डारी, शिला र श्याम मुर्मुले गोल गरे । तर उक्त टिमका श्यामेल सुनुवार र विश्व लामाको प्रहार भने सलहेशका गोलरक्षकले रोके ।

आइतबारको जितसँगै साविक विजेता सलहेशले सेमिफाइनलमा भारतको जर्जियन युनाइटेड फुटबल क्लबसँगको भेट पक्का गरेको छ । यसअघि पाँचथरको फिदिम स्पोर्टिङ क्लब र भारतको जर्जियन युनाइटेड सेमिफाइनलमा प्रवेश गरिसकेका छन् ।

प्रतियोगिताको अन्तिम क्वार्टर फाइनलमा सोमबार विभागीय टोली नेपाल पुलिस क्लब र झापा-११ बीच प्रतिस्पर्धा हुनेछ । लाखेजात्रा पर्वको अवसरमा लाखेजात्रा सञ्चालन समितिले आयोजना गरेको प्रतियोगिता भदौ १९ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा आठ टोलीको सहभागिता छ ।

आयोजक समितिका कोषाध्यक्ष दावा शेर्पाका अनुसार प्रतियोगिताको विजेताले रु सात लाख दुई हजार ८३ र उपविजेताले रु तीन लाख ५२ हजार ८३ नगद पुरस्कारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई विभिन्न विधागत पुरस्कारसमेत प्रदान गरिनेछ ।

विसं २०२२ देखि विभिन्न नाममा आयोजना हुँदै आएको यो प्रतियोगिता पछिल्ला केही वर्षयता ताप्लेजुङ गोल्डकपका नाममा सञ्चालन हुँदै आएको छ ।

# सुदूरपश्चिमेली समाज इजरायलद्वारा कोषमा छ लाख सहयोग

महेन्द्रनगर । भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सुदूरपश्चिमेली नेपाली समाज इजरायलले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा राहत कोषमा रु छ लाख ३९ हजार जम्मा गरेको छ ।

बाढीपीडितको उद्धार तथा राहतका लागि सहयोग पुर्‍याउने उद्देश्य अनरुप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा राहत कोषमा रकम जम्मा गरिएको सुदूरपश्चिमेली समाज इजरायलका कोषाध्यक्ष ज्योति बुढाले जानकारी दिनुभयो । उहाँले इजरायलमा रहेका सुदूरपश्चिमेली नागरिकले व्यक्तिगत र संस्थागत रुपमा सहयोग सङ्कलन गरी प्रधानमन्त्री कोषमा पठाएको बताउनुभयो । "प्राकृतिक विपत्तीले दिएको यो पीडाको क्षणमा सहयोग पुगोस भनेर यहाँ रहेका सुदूरपश्चिमेली जुटेका हौं", कोषाध्यक्ष बुढाले भन्नुभयो, "मानवता नै सबैभन्दा ठूलो धर्म सम्झेर विपद्का बेला सबै मिलेर सहयोग गर्नुपर्छ ।"

भोटेकोशी विनाशकारी बाढीमा परी सुदूरपश्चिमका विभिन्न जिल्लाका १०० भन्दा बढी नागरिक अझै सर्म्पकविहीन छन् । कञ्चनपुर, कैलालीलगायत सुदूरपश्चिम प्रदेशबाट प्रदेश सरकार, स्थानीय तह, विभिन्न सङ्घ संस्था र नागरिकस्तरबाट राहत कोषमा सहयोग रकम जम्मा भइरहेको छ ।

# शव व्यवस्थापन अस्थायी भण्डारण मात्रै हो अन्तिम संस्कार होइन

नारायणगढ । भोटेकोशी बाढीमा परी मृत्यु भई त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवको व्यवस्थापनका सन्दर्भमा चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अहिले भइरहेको प्रक्रिया 'अन्तिम संस्कार' नभई पहिचान नहुन्जेलका लागि अपनाइएको 'अस्थायी व्यवस्थापन' मात्र भएको प्रष्ट पार्नुभएको छ ।

विपद्का कारण उत्पन्न जटिल परिस्थिति र सम्भावित स्वास्थ्य सङ्क्रमणको जोखिमलाई ध्यानमा राख्दै अन्तरराष्ट्रिय मापदण्ड (आइसीआरसी) र सरकारी निर्देशिकाअनुसार शव व्यवस्थापन भइरहेको उहाँले जानकारी दिनुभयो ।

शनिबार मात्रै जिल्ला प्रशासन कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रमुख जिल्ला अधिकारी अर्यालले शव व्यवस्थापन मा भइरहेको कामका बारेमा प्रष्ट पार्दै भन्नुभयो, "यो दाहसंस्कार होइन, अन्तिम संस्कार होइन । शव पहिचान नहुन्जेल सम्मका लागि सम्मानजनक हिसाबले राखिएको अस्थायी संरक्षण प्रणाली हो । बाहिर राख्दा दुर्गन्धित भएर समाजमा सङ्क्रमक रोग फैलिन सक्नेतर्फ सचेत भएर हामीले कानुन बमोजिम र रेडक्रसको अन्तरराष्ट्रिय समितिको मार्गनिर्देशनलाई सम्मान गर्दै यो व्यवस्थापन गरेका हौं ।"

चितवनका अस्पतालमा जम्मा ३० वटा शव राख्ने क्षमता भए पनि हालसम्म २७२ शव प्राप्त भइसकेकाले अन्य विकल्प नभएकाले शव गाड्ने निर्णयमा पुगेको प्रजिअ अर्यालले बताउनुभयो । उहाँका अनुसार प्राप्त २७२ शवमध्ये १० वटा आफन्तले जिम्मा लिइसकेका छन् भने अन्यको अस्थायी व्यवस्थापन गरिएको छ ।

प्रत्येक शवको फोटो, ट्याग नम्बर र डिएनए नमूना सुरक्षित राखिएकाले पछि आफन्त आएमा शव उत्खनन गरी हस्तान्तरण गर्न सकिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । उहाँले थप्नुभयो, "यदि भोलि कुनै आफन्त आएर फोटो र ट्यागका आधारमा डिएनए परीक्षण गर्न चाहनुहुन्छ र परीक्षण सफल हुन्छ भने हामी माथिबाट कोड नम्बर खोजेर शव उत्खनन गरी उहाँहरूलाई अन्तिम संस्कारका लागि हस्तान्तरण गर्नेछौं ।"

प्रजिअ अर्यालले अस्थायी होल्डिङ सेन्टर बनाउँदा र 'एसी' तथा 'कम्प्रेसर' जोड्दा लगातार आउने प्राविधिक समस्याका साथै अहिले शव सड्न थालेकाले शव गाड्ने विकल्प पुगेको स्पष्ट पार्नुभयो । उहाँले यो प्रक्रिया छनोट नभएर अन्तिम विकल्पको रूपमा बाध्यता अवस्थामा अपनाइएको बताउनुभयो । भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले अस्पतालमा क्षमताभन्दा बढी शव आएकाले फोरेन्सिक जाँच र डिएनए नमूना सङ्कलनमा निकै चुनौती थपिएको बताउनुभयो ।

# कांग्रेस बागमतीको पाँच लाख ५५ हजार सहयोग

हेटौंडा । नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि रु पाँच लाख ५५ हजार ५५५ सहयोग गर्ने भएको छ । प्रदेश कार्यसमितिले उक्त र कम नेपाली कांग्रेस विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको प्रदेश प्रवक्ता तिलकप्रसाद रुवालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार कार्यसमितिले बाढीपछि सम्पर्कविहीन भएका स्वदेशी तथा विदेशी नागरिकको खोजी तथा उद्धारलाई तीव्रता दिन तथा घाइतेको निःशुल्क उपचार को व्यवस्था गर्न सङ्घीय र प्रदेश सरकारसँग आग्रह गरेको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा पार्टीका प्रदेशदेखि वडा र टोल तहसम्मका संरचना परिचालन गर्ने निर्णय गरिएको प्रवक्ता रुवालीले बताउनुभयो । प्रभावित क्षेत्रमा पार्टीका संरचना र सरकारी निकायबीच समन्वय गर्न उहाँको संयोजकत्वमा समन्वय समिति गठन गरिएको छ ।

# टेलिकमका अधिकांश टावर सञ्चालनमा

काठमाडौं । रसुवाको भोटेकोशीमा गत बुधबार बिहान गएको बाढी प्रभावित क्षेत्रमा सञ्चार पुनःस्थापना तीव्र गतिमा भइरहेको छ ।

आइतबारसम्म अधिकांश क्षेत्रमा सञ्चार सेवा पुनःस्थापना भएको टेलिकम सेवा प्रदायकले जनाएका छन् ।

नेपाल टेलिकमका अनुसार रसुवा र नुवाकोट जिल्लामा कम्पनीका १२० बिटिएस टावर थिए । जसमध्ये ३८ वटा प्रभावित भएकामा हालसम्म १०६ वटा सञ्चालनमा आएका छन् । एनसेलका ७८ वटा बिटिएस टावरमध्ये २७ वटा टावर प्रभावित भएका थिए ।

जसमध्ये अब तीन वटा मात्रै सञ्चालनमा आउन बाँकी छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले सहयोगमा प्राप्त गरेका २० वटा स्याटेलाइट बाढी प्रभावित क्षेत्रमा पठाएको जनाएको छ ।

# पर्यटकको अवस्थाबारे जानकारी दिन सूचना डेस्क स्थापना गरिने

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परेर बेपत्ता भएका तथा उद्धार गरिएका पर्यटकको बारेमा जानकारी दिन 'सूचना डेस्क' स्थापना गरिने भएको छ ।

पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र पर्यटन व्यवसायी सङ्घसंस्थाबीच आइतबार भएको बैठकले बाढीमा बेपत्ता भएका पर्यटकको खोजी तथा उद्धारकार्यलाई तीव्र बनाइ आवश्यक जानकारी दिन 'सूचना डेस्क' स्थापना गर्ने निर्णय गरेको हो ।

बैठकले बेपत्ता पर्यटकको खोजीका लागि समन्वय बढाउने र एकीकृत सूचना प्रणाली लागू गर्ने निर्णय गरेको विभागका महानिर्देशक रामकृष्ण लामिछानेले बताउनुभयो ।

बैठकले बोर्ड, विभाग, पर्यटक प्रहरी र पर्यटन क्षेत्रका छाता सङ्गठनको प्रतिनिधित्व रहनेगरी एक 'सूचना डेस्क' स्थापना गर्ने निर्णय गरेको छ। उक्त डेस्कले उद्धार गरिएका, बेपत्ता भएका र समग्र स्थितिको नियमित जानकारी दिने महानिर्देशक लामिछानेले बताउनुभयो ।

यस्तै, बैठकले पर्यटन व्यवसायी तथा ट्राभल कम्पनीले आफ्ना सम्पर्क व्यक्ति (फोकल पर्सन)मार्फत बेपत्ता पर्यटकको आधिकारिक विवरण उपलब्ध गराउनुपर्ने र सम्बन्धित दूतावाससँग समन्वय गर्न आग्रह गरेको छ । बेपत्ता पर्यटकका परिवारलाई सम्बन्धित कम्पनीमार्फत समयमै र सही जानकारी उपलब्ध गराउने सुनिश्चितता गरिनेछ । यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गत पर्यटकको मात्र विवरण (उद्धार गरिएका, बेपत्ता वा मृतक) हेर्नेगरी छुट्टै एकाइ स्थापना गर्न मन्त्रालयमार्फत अनुरोध गर्ने, बाढीका कारण पर्यटन पूर्वाधारमा पुगेको क्षतिको विवरण सङ्कलन गरी बुझाउन व्यवसायीलाई आग्रह गरिएको छ ।

भोटेकोशी बाढीमा परेर हराएका विभिन्न देशका पर्यटकमध्ये २८९ को उद्धार गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ। बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएर हराएका मध्ये २८९ विदेशी पर्यटकको उद्धार गरिएको राससलाई जानकारी दिनुभयो ।

उद्धार गरिएका पर्यटकमध्ये सबैभन्दा धेरै भारतका रहेका छन्। हालसम्म भारतका १८०, चीनका ८९, माल्टा चार, जर्मन चार, इटाली, रसिया, टर्की र अमेरिकाका दुई-दुई, बुल्गेरिया,ओमन, पोर्चुगल र स्वीजरल्यान्ड एक-एक, पर्यटकको उद्धार गरिएको हो ।

यस्तै, विभिन्न देशका ५९१ पर्यटक अझै सम्पर्कविहीन छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटन सरोकारवालाले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धारकार्यलाई तीव्र पारेका छन् । घाइते र अलपत्र परेकालाई सुरक्षित स्थानमा ल्याउन आवश्यक सबै प्रयास भइरहेको बोर्डले जनाएको छ ।

यस्तै, बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित कृष्णभीरमा नदीले सडक कटान गरेपछि पृथ्वी राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएकाले पर्यटकलाई यात्रा गर्दा सडक र मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न बोर्डले आग्रह गरेको छ ।

बोर्डले 'पर्यटकको सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो' भन्दै सबैलाई धैर्य र सतर्क रहन आह्वान गरेको छ । बोर्डले कुनै पनि जानकारी वा सहयोगका लागि टोल फ्री नम्बर १२३४, हटलाइन नम्बर ११४४ र पर्यटन प्रहरी ९८५१२८९४४५ मा सम्पर्क गर्न आग्रह गरेको छ ।

# भोटेकोशी बाढीः दुई हजार ७४२ को उद्धार, ७८८ जनाको शव फेला

काठमाडौँ । भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीमा परी सम्पर्कविहीन भएकामध्ये आइतबार साँझसम्म दुई हजार ७४२ जनाको उद्धार गरिएको छ। प्रहरीका अनुसार उद्धार गरिएकामध्ये रसुवाबाट ७१९, नुवाकोटबाट दुई हजार २० र धादिङबाट तीन जना छन् ।

नेपाल प्रहरीका प्रवक्ता अवि नारायण काफ्लेका अनुसार बाढीमा परी घाइते भएका तथा विभिन्न स्थानबाट उद्धार गरिएका केहीलाई उपचारका लागि काठमाडौँ ल्याइएको छ । काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १६० जना रहेको उहाँले जानकारी दिनुभयो। बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका केही कर्मचारीसहित जलविद्युत् आयोजनामा काम गर्नेहरू सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेमा नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५, सशस्त्र प्रहरीका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवाबाट ६२२, नुवाकोटबाट ११५, जलविद्युत् आयोजनाबाट ९३३ जना सम्पर्कविहिन भएका छन् ।

यस्तै, मकवानपुरबाट ६५, विदेशी नागरिक ५९२, विदेशी पर्यटकसँगै घुम्न गएका नेपाली १२७, लाङटाङ राष्ट्रिय निकुञ्जका तीन, क्वारेन्टाइन कायालयका तीन गरी दुई हजार ५०२ जना बेपत्ता रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा सम्पर्कविहीन भएकाको खोजी तथा उद्धारकार्यलाई तीव्र पारिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार गरिरहेका छन् ।

बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै सम्पर्कविहीनको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ ।

यसैबीच, विभिन्न जिल्लाबाट ७८८ जनाको शव फेलापरेको प्रहरीले जनाएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार रसुवामा १३, धादिङमा ५०, तनहुँमा ३७, नुवाकोटमा ५२, गोरखामा ५८, चितवनमा २६४, नवलपरासीपूर्वमा १९४ र नवलपरासी पश्चिममा १२० जनाको शव फेलापरेको छ।

# अन्तहीन पर्खाइः शवगृहका ढोकाहरूमा आफन्तको शव खोज्दै बाढीपीडित परिवार

नारायणगढ । "त्यो बिहान ८:४४ मिनेट जाँदा फोनमा कुरा हुँदै थियो । उताबाट अचानक आवाज आयो 'बाढी आयो... भागौँ, भागौँ !' त्यसपछि एकाएक फोन काटियो", काभ्रेपलाञ्चोक भुम्लुकी सङ्गीता रिजालले जिन्दगीभर नबिर्सने गरी गडेको त्यो पल सम्झँदै भन्नुभयो । भदौ १० गते रसुवागढीमा आएको विनाशकारी बाढीपछि उहाँका श्रीमान् राजकुमार रिजाल सम्पर्कविहीन हुनुहुन्छ ।

त्यस दिनदेखि सङ्गीताको दैनिकी बदलिएको छ। श्रीमान् जीवितै फर्कने सानो आशा बोकेर उहाँ काठमाडौँका टिचिङ, ट्रमा सेन्टर र वीर अस्पतालदेखि चितवनको भरतपुर अस्पतालसम्म भौँतारिइरहनुभएको छ । अस्पतालका ढोका र शवगृहहरूमा श्रीमान्को अनुहार खोज्दा पनि कुनै जानकारी नपाएको उहाँले बताउनुभयो। आज चितवन उद्योग परिसरमा भेटिनुभएकी सङ्गीताले मलिन अनुहार बनाउँदै भन्नुभयो, "चितवनका अस्पतालमा धेरै शवहरू ल्याइएका छन् भनेपछि यहाँसम्म आएका हौँ, तर चिन्न सक्ने अवस्था छैन ।"

यस्तै पीडा नुवाकोटकी मेनुका न्यौपानेको पनि छ। रसुवागढी क्षेत्रमा सवारी चलाउने उहाँका श्रीमान् प्रमोद भट्टराईसँगै भिनाजु र भान्जाहरू गरी एकै परिवारका सात जना सोही दिनदेखि सम्पर्कविहीन भएका छन् । एउटै ठाउँमा बस्ने र एउटै क्षेत्रमा काम गर्ने पूरै टोली एकाएक हराएपछि परिवारसँग कहिले भेट्ने हो भन्ने थाहा नभएका सन्नाटा छाएको छ ।

मेनुकाले भन्नुभयो, "काठमाडौँका सबै अस्पताल र एयरपोर्टसम्म पुग्यौँ, कतै केही खबर पाइएन । पोखरा र गोर्खातिर साथीहरू खोज्न जानुभएको छ, म भने काठमाडौँदेखि चितवनसम्म शवगृह हेर्दै हिँडिरहेकी छु।" रसुवागढीको कठिन भूगोल र जङ्गलतिर अझै पनि मानिसहरू उद्धारको पर्खाइमा हुन सक्ने आशङ्का गर्दै उहाँहरूले खोजी कार्य विस्तार गरिदिन पीडितका परिवारले सरकारसँग आग्रह गर्नुभयो ।

भरतपुर महानगरपालिका-१० स्थित भरतपुर अस्पताल नजिकै रहेको चितवन उद्योग परिसर र नजिकैको चितवन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको भवन गत बुधबारदेखि पीडाको केन्द्रजस्तै बनेको छ। भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण नदी तटीय क्षेत्रमा धेरै शवहरू भेटिएपछि स्थानीय प्रशासनलाई भरतपुर अस्पतालमा शव व्यवस्थापन गर्न कठिन भएको थियो । अस्पताल परिसरमा आफन्त गुमाएकाहरूको रोदन र सम्पर्कविहीन आफन्तसँग सम्पर्क हुने आश, आँखामा आँसुसँगै अन्तहीन पर्खाइमा परिवार छन् । एकातिर एकैपटक धेरै शवहरू सङ्कलन हुँदा राख्ने ठाउँकोसमेत अभाव भयो । अन्ततः प्रतिष्ठानको खाली भवनलाई अस्थायी शव व्यवस्थापन कक्ष बनाइयो । तर प्राविधिक कारणले सोचेजस्तो सहज भएन । बाढीबाट निकालिएका शवहरू गलेका हुनु, लगातार प्राविधिक समस्या आउनु र शीतभण्डारणको अभावले गर्दा दुर्गन्ध बाहिरसम्मै फैलन थालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

भरतपुरका अस्पतालहरूमा जम्मा ३० वटा शव राख्ने क्षमता भए पनि हालसम्म २७२ वटा शव प्राप्त भइसकेका छन् । प्राप्त शवमध्ये १० वटा मात्रै आफन्तले जिम्मा लिएका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिनुभयो । सम्भावित स्वास्थ्य सङ्क्रमण र स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै स्थानीय प्रशासनले पहिचान हुन नसकेका शवहरूलाई देवघाटको जङ्गलमा लगेर वैज्ञानिक विधिअनुसार नम्बरिङ गरी सुरक्षित रूपमा माटोमा राख्न सुरु गरेको छ।

# कुमारी कुमारीघरमा फिर्ता

काठमाडौँ । जीवित देवी कुमारीलाई विशेष बाजागाजासहित वसन्तपुरस्थित कुमारीघर ल्याइएको छ ।

काठमाडौँको ठमेलस्थित ऐतिहासिक विक्रमशील महाविहारमा आइतबार आयोजित जात्रामा जीवित देवी कुमारीलाई सहभागी गराएर साँझ फिर्ता ल्याउने चलनअनुसार वसन्तपुर ल्याइएको हो ।

परम्परागत बाजागाजासहित कुमारीलाई खटजात्रा गरी सवारी चलाइएको थियो । सोही क्रममा कुमारीको दर्शन गर्नेको भीड लागेको थियो ।

कुमारीलाई तलेजु भवानीको प्रतीक र शक्तिको अवतार मानिएकाले कुमारी पूजाको ठूलो धार्मिक तथा सांस्कृतिक महत्व छ । विक्रमशील महाविहारमा आयोजित उत्सवमा कुमारी सरिक हुने परम्परा छ। कुमारी पूजा गर्नाले परिवार र समाजमा सुख, शान्ति र समृद्धि छाउने जनविश्वास रहेको कुमारीघरका प्रबन्धक गौतम शाक्यले जानकारी दिनुभयो। बहाल परिसरमा कुमारीको उपस्थितिसँगै स्थानीय नेवार समुदायका स-साना बालिकालाई रातो पहिरन र परम्परागत गहनामा सजाइएको थियो। तान्त्रिक विधि र मन्त्रोच्चारणका साथ उनीहरूको गोडा धोएर, टीका लगाई, फलफूल, प्रसाद र दक्षिणा प्रदान गरिएको थियो। विक्रमशील महाविहारमा हिन्दू र बौद्ध धर्मावलम्बीले आस्था प्रकट गर्ने परम्परा छ । यस्तै, काठमाडौँ उपत्यकाको महत्त्वपूर्ण सांस्कृतिक सम्पदाका रूपमा जात्रा मनाइन्छ। विभिन्न समारोहमा राष्ट्रप्रमुखले कुमारीलाई दर्शनभेट गर्ने परम्परा छ ।

# सप्तकोशीमा पानीको बहाव बढ्यो, ब्यारेजका २२ ढोका खोलिए

सुनसरी । सप्तकोशी नदीमा जलसतह निरन्तर बढेपछि कोशी ब्यारेजका २२ वटा ढोका खोलिएका छन् ।

आइतबार साँझ ६:०० बजे गरिएको जलसतह मापनमा कोशी ब्यारेजमा प्रतिसेकेन्ड एक लाख ८४ हजार ७८५ क्युसेक पानीको प्रवाह हुँदा २१ वटा ढोका खोलिएका थिए। लगातार पानीको बहाव बढेर बेलुका ८:०० बजे प्रतिसेकेन्ड एक लाख ९२ हजार ५३५ क्युसेक पुगेपछि २२ वटा ढोका खोलिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो। कोशी ब्यारेजमा पानीको प्रवाह एक लाख ५० हजार क्युसेक नाघेपछि सर्वसाधारणलाई सचेत गराउन खतराको सङ्केतस्वरूप पश्चिमतर्फ रातो बत्ती बाल्ने गरिन्छ ।

हाल डुबानको प्रत्यक्ष जोखिम नरहे पनि दिउँसोदेखि नै जलसतह बढिरहेकाले सम्बन्धित निकाय तथा सप्तकोशी आसपासका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन र जोखिमपूर्ण क्षेत्रमा नजान आग्रह गरिएको सूचना अधिकारी खड्काले बताउनुभयो ।

साथै तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सुरक्षित स्थानमा रहन तथा कोशी नदीमा माछा मार्ने र दाउरा सङ्कलन नगर्न जिल्ला प्रहरी कार्यालय सुनसरीले सूचनामार्फत आग्रह गरेको छ ।

# नेलम्बोद्वारा पाँच लाख ५५ हजार सहयोग

कास्की । पोखरामा रहेर शिक्षा, स्वास्थ्य र वातावरणका क्षेत्रमा क्रियाशील सामाजिक संस्था नेलम्बो नेपालले भोटेकोशी बाढी प्रभावितका लागि रु पाँच लाख ५५ हजार ५५५ सहयोग गरेको छ ।

बाढी तथा प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुर्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सो रकम जम्मा गरेको नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार संस्थाले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत सरकार को राहत कोषसँग हातेमालो गर्ने निर्णयबमोजिम उक्त रकम सहयोग गरेको हो । "हालै रसुवालगायत देशका विभिन्न स्थानमा भएको प्राकृतिक विपत्तिका कारण ठूलो जनधनको क्षति भएको छ। नेलम्बोले विपत्तिबाट प्रभावित परिवारप्रति दुःख व्यक्त गर्दै सबैलाई धैर्य र संयम अपनाउन आग्रह गरेको छ। पोखरामा रहेर शिक्षा, स्वास्थ्य र वातावरणका क्षेत्रमा क्रियाशील नेलम्बो नेपालले विगतदेखि नै विभिन्न सामाजिक तथा मानवीय सेवाका कार्य गर्दै आएको छ । कोभिड-१९ महामारीको विषम परिस्थितिमा समेत संस्थाले गण्डकी प्रदेशका विभिन्न स्थानमा स्वास्थ्यसम्बन्धी सहयोग पुर्याएको थियो ।

# जयश्री फुड्सद्वारा २५ लाख सहयोग

नवलपुर (नवलपरासी) । भोटेकोशी बाढीबाट प्रभावित भएकाको उद्धार तथा राहतका लागि नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा रहेको जयश्री फुड्स प्रालिले सरकारको उद्धार कोषमा रु २५ लाख आर्थिक सहयोग गरेको छ।



प्रालिका सञ्चालक पवन अग्रवालले आइतबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई रु २५ लाखको चेक हस्तान्तरण गर्नुभयो ।

जयश्री फुड्सले नगदसँगै एक किलोका पाँच हजार प्याकेट चिउरासमेत अर्थमन्त्रीलाई हस्तान्तरण गरेको उहाँले बताउनुभयो । गैँडाकोटमा रहेको यस उद्योगले आफ्नो व्यवसायिक सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत विभिन्न समयमा जिम्मेवारी बहन गर्दै आइरहेको छ । बुधबार भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरूका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरि एको बताउँदै सञ्चालक अग्रवालले आवश्यक परेको अवस्थामा सरकारलाई अन्य सहयोगसमेत उपलब्ध गराउने जनाउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com